# प्रेस विज्ञप्ति

नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौ वार्षिक प्रतिवेदन आज मिति २०८०।०६।२५ मा आयोगका माननीय अध्यक्ष श्री बालानन्द पौडेलले सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नुभयो । राष्ट्रपति कार्यालय महाराजगन्जमा आयोजित वार्षिक प्रतिवेदन पेश गर्ने समारोहमा आयोगका माननीय सदस्यज्यू आयोग तथा राष्ट्रपति कार्यालयका सचिव र अन्य कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।

पाँचौं वार्षिक प्रतिवेदनमा आयोगले अर्थिक वर्ष २०७९/८० मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई गरेका सिफारिस तथा सुझाव समावेश गरिएका छन् । साथै, आयोगलाई संविधान तथा कानूनले प्रदान गरेको कार्य जिम्मेवारी बमोजिम विगतमा आयोगले तीन तहका सरकारलाई गरेको सिफारिस तथा सुझावहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा समेत विश्लेषण गरी सो प्रतिवेदनमा समावेश गरिएको छ ।

ज्ञानेन्द्र पौडेल
सहसचिव एवं प्रवक्ता
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

मिति २०८० असोज २५ गते